फोन नं - ०४९-४२१८२४/४२११०२/४२११९५
ईमेल:- info.dcdolakha@supremecourt.gov.np

श्री

# दोलखा जिल्ला अदालत

## चरिकोट

### (प्रशासन शाखा)

प.सं. : ०८०।०८१
च.नं: ३८८

मितिः-२०८०।०६।०९

बिषयः लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धी सूचना।

कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न ऐ. नियमावलीको नियम ३ बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्तको लागि मिति २०८०।०६।०९ को निर्णय बमोजिम २०८०।०६।०९ गते देखि २०८०।०६।२३ गते सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय समयभित्र) देहायको शर्तको अधिनमा रहि दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

प्राप्त दरखास्त मध्ये बाट लिखित परिक्षा तथा अन्तर्वार्तामा उत्तिर्ण भएका उम्मेदवारहरुलाई अदालतबाट निर्धारित प्रमाणपत्र प्रदान गरिने छ।

१. <u>आवश्यक न्यूनतम योग्यताः-</u>

(क) SEE/SLC वा सो सरह उत्तिर्ण गरेको।

(ख) १८ बर्ष उमेर पुगेको नेपाली नागरिक।

२. दरखास्त शुल्कः- रु.११०/-

३. परिक्षाको किसिमः- लिखित तथा अन्तर्वार्ता।

४. <u>दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरुः-</u>

(क) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।

(ग) पासपोर्ट साईजको फोटो ३ प्रति।

५. <u>दरखास्त सम्बन्धि अन्य जानकारीः-</u>

(क) दरखास्त फाराम अदालतको प्रशासन शाखाबाट निशुल्क पाईने छ।

(ख) पाठ्यक्रम र अन्य जानकारीको लागि अदालतको प्रशासन शाखामा सम्पर्क गर्नु होला।

(ग) परिक्षा मिति दरखास्त दिने अन्तिम दिन तोकिने छ।

२०८०।६।९

अन्चन भट्टराई
श्रेस्तेदार(उपसचिव)